# बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल


प.स. : २०७८/०७९ मिति : २०७८/१२/१६

च.न. :

## एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक सूचना प्रकाशित मितिः-२०७८/१२/१६**

उपरोक्त विषय सम्बन्धमा यस बान्निगढी जयगढ गाउपालिकामा राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरबाट प्राप्त संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत " एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम " सञ्चालन गर्न ईच्छुक सामुदायिक माध्यामिक विद्यालयहरुले " एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वियन कार्यबिधि, २०७८ " बमोजिम मिति २०७९ साल बैशाख १६ गते भित्र आफ्नो व्यवसायिक परियोजना एवं तपसिलका कागजातहरु सहित संलग्न ढाचाँमा यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नहुन अनुरोध गरिन्छ।

झनक रेग्मी
नि. प्रमुख प्रशासकीय अधिकृत

<u>तपसील :</u>

१. विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता,
२. वडा कार्यालयको सिफारिस पत्र,
३. उद्यमी विद्यार्थी क्लब गठन भएको निर्णयको प्रतिलिपी र उद्यम कोष स्थापना भएको प्रमाणको कागजात,
४. पुर्व विद्यार्थी मञ्च गठन भएको निर्णयको प्रतिलिपी र पदाधिकारीहरुको नामनामेसी सहितको विवरण,
५. पछिल्लो तिन शैक्षिक सत्रको विद्यालयको शैक्षिक उपलब्धिको विवरण,
६. यस आर्थिक वर्षको सामाजिक लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपी,

झनक रेग्मी
नि.प्रमुख प्रशासकीय अधिकृत

पुनश्च:

१. विद्यालय छनौट गर्दा एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७८ मा उल्लेखित मुल्याङ्कनका आधारहरु अनुसार गरिनेछ।
२. छनौट भएको विद्यालयले बिउ पुँजीको रुपमा रु. ५ लाख रुपैयाँ अनुदान पाउनेछ।
३. कार्यक्रममा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयलाई विशेष प्राथमिकता दिइनेछ।
४. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७८ गाउँपालिकाको बेभसाईटबाट हेर्न/डाउनलोड गर्न सकिने छ।
५. म्याद नाघेका प्रस्ताव उपर कुनै कारबाही गरिने छैन।